

# ९ सृष्टिः सृष्टिबारे सिकाइने ठोस आधारः भाग २

*__यस अध्यायका मूल पदहरू:__* अय्यूब २६:७-१०, उत्पत्ति १, उत्पत्ति २, उत्पत्ति ५, उत्पत्ति ११, १ इतिहास १:१८-२७, मत्ती १९:४,५ र यूहन्ना १:१-३।

**_यस अध्यायको मूल सार पद:_ " आकाशले परमेश्वरका महिमाको वर्णन गर्छ। र तारा-मण्डलले उहाँको हातको सीपको घोषणा गर्दछ।" (भजनसंग्रह १९:१** रूपान्तरित)।

विश्वका धेरै महान् चिन्तक तथा विचारकहरूले पवित्र धर्मशास्त्र बाइबलले सिकाएको परमेश्वरको सृष्टिको बारेमा पढेर प्रेरणा पाएका थिए। त्यसैको फलस्वरुप आजको आधुनिक विज्ञानहरूको जन्म भएको हो। तिनीहरूमा योहानस केप्लरः जर्मनको सत्रौं शताब्दिका वैज्ञानिक, गणित शास्त्री, तारामण्डलको अध्ययन गर्ने शास्त्री, आइजाक न्युटनः सर आइज्याक **न्यूटन**, (४ जेनवरी १६४३ – ३१ मार्च १७२७) बेलायती भौतिकशास्त्री, गणितज्ञ, जगतको बारेमा ज्ञान भएको खगोलशास्त्री, प्राकृतिक दर्शनिक, र रसायनशास्त्री थिए। जसलाई विज्ञान र इतिहास विषयको सबैभन्दा प्रमुख व्यक्तित्वको रूपमा लिने गरिन्छ। उनैले गुरुत्वाकर्षणको नियम पत्ता लगाएका थिए, जोन रेः (१६२७-१७०५)बेलायतको प्रसिद्ध बनस्पतिशास्त्री र जीव वैज्ञानिक, रोबर्ट ब्वायलः (१६२७-१६९१) वेलायतका आधुनिक रसायनशास्त्रका प्रख्यात वैज्ञानिक, बाइबलको भक्त र रसायनशास्त्रद्वारा खोजअनुसुन्धान गर्ने प्रयोगशालाका विद्धान्। यी बाहेक अन्य धेरै महान् वैज्ञानिकहरूले तिनका विभिन्न कामहरूद्वारा यस सृष्टिमा परमेश्वरको हात भएको तथ्य पत्ता लगाएका थिए।

सत्रौं शताब्दीमा फ्रान्समा भएको जन क्रान्तिदेखि उन्नाइसौं शताब्दीसम्म आइपुग्दा यस संसारको सृष्टि गर्नुहुने परमेश्वरप्रति आस्था नराख्ने वैज्ञानिकहरूको उदय हुन थाल्यो। तिनीहरूले संसारप्रति हेर्ने दृष्टिकोण प्राकृतिक र भौतिकतामा आधारित हुन थाल्यो। तिनीहरूको भौतिकवादमा परमेश्वर वा अलौकिक शक्तिले ठाउँ पाएन। अठारौं शताब्दीमा बेलायतको पहिले ईश्वरभक्त तर पछि नास्तिक हुन पुगेका चार्ल्स डार्विनले *"द ओरिजिन अभ स्पेसिज"* भन्ने पुस्तक छापे। त्यस पुस्तकमा सबै थोक प्रकृतिको देन हो संसारको सृष्टिमा परमेश्वरको हात छैन भन्ने जस्ता विद्या वा दर्शनलाई लोकप्रिय बनाएका थिए। त्यस समयदेखि बाइबलको जगमा आधारित विज्ञान टाढा टाढा हुन थाल्यो। त्यसैले गर्दा उत्पत्तिको पुस्तकमा सिकाइएको उत्पतिका कथाहरूलाई उथलपुथल गरी व्याख्या गर्न थालियो।

यस जगत वा तारामण्डलको बारेमा बाइबलले सिकाएको शिक्षा पौराणिक, मनगडन्ते र विज्ञानसँग नमिल्दो छ र? के बाइबलमा भएका शिक्षा वा लेखहरू अन्य मूर्तिपूजक वा छिमेकी देशहरूको सभ्यताबाट उधारो लिइएका हुन् त? के बाइबल कुनै निश्चित स्थान, समय, इतिहास र संस्कारबाट आएको र त्यसैको निम्तिमात्र उपयोगी थियो त? के बाइबलले सिकाएको विद्याले हाम्रो उत्पत्ति परमेश्वरकै स्वरुपमा भएको र यसले हामीलाई भौतिकवादी विचारमा नअलमली उच्च आत्मिक आदर्शमा उठाउँदैन र? हामी यस अध्यायमा माथिका ती जिज्ञासाहरूलाई खोतल्ने प्रयास गर्नेछौं?

## १. यो पृथ्वी समतल वा च्याप्टो कस्तो छ त?

पौरणिक समयमा पृथ्वी च्याप्टो थियो भनेर धेरैले विश्वास गरेका थिए। तर विभिन्न कारणले पृथ्वी गोलो थियो भनेर पनि धेरैले वुझेका थिए। पृथ्वी च्याप्टो छ भनेर बाइबलले नै सिकाउँछ भनेर अहिले पनि कतिपय मानिसहरू दावी गर्दछन्।

**देहायका पदहरू पढ्नुहोस्। कुन सन्दर्भमा ती पदहरू लेखिएका थिए? के ती पदहरूले पृथ्वी च्याप्टो छ भनेर सिकाउँदछ त? हेर्नुहोस् प्रकाश ७:१ "यसपछि पृथ्वीमा वा समुद्रमा वा रूखमा बतास नचलोस् भनी चार स्वर्गदूतहरू पृथ्वीका चारै बतासलाई रोकेर पृथ्वीका चार कुनामा उभिरहेका मैले देखें।" र प्रकाश २०:७,८ " ७ एक हजार वर्ष बितेपछि शैतान त्यसको कैदबाट छोडिनेछ, ८ र पृथ्वीका चारै दिशामा भएका देश-देशका मानिसहरूलाई**

**बहकाउन, अर्थात् गोग र मागोगलाई लड़ाइँको निम्ति भेला गर्न निस्केर आउनेछ। तिनका संख्या समुद्रका बालुवा जत्तिकै हुनेछ।"**

**यूहन्नाले** प्रकाशको पुस्तकमा अन्तको समयमा हुने घट्नाको भविष्यवाणी तथा स्वप्नदर्शनको बारेमा यहाँ वर्णन गरेका थिए। स्वर्गबाट आएका चार स्वर्गदूतहरू पृथ्वीको चार कुनमा उभिएर चारवटा बतासहरूलाई रोकिरहेका थिए भनेर उनी भन्दछन्। "चार" भन्ने शब्द उनले तीन पटक दोहोऱ्याएका छन्। पृथ्वीको कम्पासको चार दिशा वा पूर्व, पश्चिम, उत्तर, दक्षिणमा चार स्वर्गदूतहरू उभिएको कुरा उनी औंल्याउँछन्।

छोटकरीमा भन्ने हो भने उनको शाब्दिक चित्रणले चलनचल्तीको भाषा प्रयोग गरेको थियो। हामी भन्छौं "घाम अस्ताइ रहेको छ" वा "पूर्वबाट बतास आयो।" तर जब यूहन्नाले उत्तर, पूर्व, दक्षिण र पश्चिममा उभिएका स्वर्गदूतहरूको वर्णन अनुसार पृथ्वी वास्तविकरुपमा चेप्टो छ भन्ने निश्कर्ष निकाल्नु भनेको उनको भाषालाई बंग्याउन खोज्नु हो। जब येशूले "मानिसहरूको *हृदयबाट* नै खराब वा दुष्ट बिचारहरू आउँछन्। ती हुन् हत्याहिंसा, परस्त्रीगमन, परपुरुषगमन, चोरी, झूट, परमेश्वरको अपमान गर्नु" (मत्ती १५:१९ रूपान्तरित)। त्यतिवेला उहाँले मानिसको शरीर वा वास्तविक मानिसको हृदय वा मुटुको बारेमा बोलिरहनु भएको थिएन। उहाँले त नैतिकतालाई औंल्याउन अलङ्कारिक बोली वा पापी मनको बारेमा मानिसले बुझ्ने भाषाको प्रयोग गरिरहनु भएको थियो।

**पृथ्वीको बारेमा देहायका पदहरूले हामीलाई के सिकाउँछ? हेर्नुहोस्, अय्यूब २६:७-१० " ७ उहाँले खाली ठाउँमा उत्तरीय आकाशलाई फैलाउनुहुन्छ, र शून्यतामा पृथ्वीलाई झुण्ड्याउनुहुन्छ। ८ उहाँले पानीलाई बादलको थुप्रोमा बन्द गरी राख्नुहुन्छ, तापनि तिनको भारले मेघहरू फुटेर निस्कँदैनन्। ९ आफ्ना बादलहरू फैलाएर उहाँले पूर्णिमाको चन्द्रमालाई ढाक्नुहुन्छ। १० उज्यालो र अँध्यारोको बीचको सिमानामा उहाँले पानीको सतहमा क्षितिजलाई स्थिर राख्नुभएको छ।" र यशैया ४०:२१-२३ " २१ के तिमीहरूले जानेका छैनौ? के तिमीहरूले सुनेका छैनौ? के यो कुरो तिमीहरूलाई सुरुदेखि नै भनिएको छैन? के पृथ्वीको जग बसालेको बेलादेखि नै तिमीहरूले बुझेका छैनौ? २२ उहाँ पृथ्वीको परिधिभन्दा माथि विराजमान हुनुहुन्छ, र पृथ्वीका मानिसहरूचाहिँ फटेङ्ग्राजस्तै छन्। उहाँले आकाशलाई पर्दाझैं फिँजाउनुहुन्छ, अनि त्यसमा वास गर्नलाई पालझैं त्यो फैलाउनुहुन्छ। २३ उहाँले**

**राजकुमारहरूलाई बेकामका बनाइदिनुहुन्छ, र पृथ्वीका शासकहरूलाई रद्द तुल्याउनुहुन्छ।"**

पृथ्वी आकाशमा झुण्डिरहेको छ भनेर अय्यूबले अय्यूब २६:७मा पृथ्वीको बारेमा यसरी व्यक्त भन्दछन् " ७ उहाँले खाली ठाउँमा उत्तरीय आकाशलाई फैलाउनुहुन्छ, र शून्यतामा पृथ्वीलाई झुण्ड्याउनुहुन्छ अर्थात् शून्यतामा पृथ्वीलाई तुन्द्रुङ्ग आकाशमा झुण्ड्याउनुहुन्छ।" अय्यूब २६:१०मा प्रयोग गरिएको "क्षितिज" र यशैया ४०:२२मा प्रयोग गरिएको "परिधि"लाई अङ्ग्रेजी अनुवादमा गोलो वा सर्कल (circle) भनेर प्रयोग गरिएको छ।

**हजारौं वर्ष अघि रहेका मानिसहरूको स्थानमा तपाईं आफूलाई राखेर हेर्नुहोस्। पृथ्वी घुमिरहेको छ भन्ने त्यसबेलाका मानिसहरूमा के प्रमाण थियो त? अर्थात् पृथ्वी घुम्दैन भन्ने कुरामा तपाईं अझै अडिग हुनुभएको छ? पृथ्वी गोलो वा चेप्टो छ भन्ने कुराको तपाईंसँग के प्रमाण छ?**

## २. पौराणिक साहित्य वा धार्मिक पुस्तकहरूमा सृष्टि

पुरातत्वविद् अर्थात् इतिहासकारव्दारा लेखिएका सामग्रीहरू सत्य हुन् कि होइनन् भनेर मानिसहरूले पौराणिक इजिप्ट र मध्यपूर्वका देशहरूमा गएर उत्खनन् गर्दा धेरै तथ्यहरू पत्ता लगाएका थिए। ती देशहरूका पुराणहरूमा लेखिए अनुसार सृष्टि र जलप्रलयका विवरणहरू पत्ता लगाएका थिए। जमिन खनेर ती पुराणहरूमा भएका कुराहरूको प्रमाण भेट्टाएका थिए। जबकि त्यस पौराणिक कालमा बाइबल धर्मशास्त्र नै थिएन। तर बाइबलमा उल्लेख गरिएका सृष्टि र जलप्रलयका विवरणहरू त्यहाँ भेटिंइनु के बाइबलमा लेखिएका सामग्रीहरू अरू सभ्यता, संस्कार वा धर्मबाट सापटि लिइएका हुन् त भन्ने कुरामा बाइबलका विद्वानहरू सोच्न वाध्य भएका थिए। के बाइबलमा लेखिएका विवरणहरू अरू धर्म, सभ्यता, इतिहास वा जीवित परमेश्वरलाई विश्वास नगर्ने संस्कारमा भर परेर लेखिएका हुन् त? (नेपालको परिवेशमा पनि काठमाण्डौं एउटा ठूलो तलाऊ थियो भनेर पुराणले भन्दछ। कुनै देवता वा ऋषीले रिसको झोंकमा काठमाण्डौं सहरलाई जलमग्न वनाएका थिए भन्ने कहावत पनि छ)।

**पहिला उत्पत्ति १:१-२:४ पढ्नुहोस्, "१ आदिमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो। २ पृथ्वी आकारविनाको र शून्य थियो। अथाह समुद्रमाथि अन्धकार थियो, र परमेश्वरका आत्मा पानीमाथि परिभ्रमण**

गर्दैरहनुहुन्थ्यो। ३ अनि परमेश्वरले भन्नुभयो, “उज्यालो होस्।” तब उज्यालो
भयो। ४ अनि परमेश्वरले उज्यालोलाई हेर्नुभयो, त्यो असल थियो। उहाँले
उज्यालो र अँध्यारोलाई अलग-अलग गर्नुभयो। ५ परमेश्वरले उज्यालोलाई
“दिन” र अँध्यारोलाई “रात” भन्नुभयो। साँझ पर्‍यो र बिहान भयो– पहिलो दिन।
६ अनि परमेश्वरले भन्नुभयो, “पानीका बीचमा एक क्षेत्र होस्, र त्यसले पानीलाई
दुई भाग गरोस्।” ७ परमेश्वरले सो बनाएर क्षेत्रमुनिको र माथिको पानीलाई
अलग-अलग गर्नुभयो। तब त्यस्तै भइहाल्यो। ८ परमेश्वरले यस अन्तरिक्षलाई
आकाश भन्नुभयो। साँझ पर्‍यो र बिहान भयो– दोस्रो दिन। ९ अनि परमेश्वरले
भन्नुभयो, “आकाशमुनि भएको पानी एक ठाउँमा जम्मा होस् र ओबानो भूमि
देखा परोस्।” तब त्यस्तै भइहाल्यो। १० परमेश्वरले ओबानो भूमिलाई “पृथ्वी”
भन्नुभयो, र जम्मा भएको पानीलाई “समुद्र” भन्नुभयो। अनि परमेश्वरले हेर्नुभयो,
त्यो असल थियो। ११ तब परमेश्वरले भन्नुभयो, “भूमिले वनस्पति, बीउ हुने
बोट-बिरुवाहरू र आफ्नो-आफ्नो किसिमको बीउ हुने फल फल्ने वृक्षहरू
पृथ्वीमा उमारोस्।” तब त्यस्तै भइहाल्यो। १२ भूमिले वनस्पति, बीउ हुने
बोटहरू र आफ्नो-आफ्नो किसिमको बीउ हुने फल फल्ने वृक्षहरू उमार्‍यो।
अनि परमेश्वरले हेर्नुभयो, त्यो असल थियो। १३ साँझ पर्‍यो र बिहान भयो–
तेस्रो दिन। १४ अनि परमेश्वरले भन्नुभयो, “अन्तरिक्षमा दिन र रात
छुट्ट्याउनलाई ज्योतिहरू होऊन्। तिनीहरू ऋतुहरू, दिनहरू र वर्षहरू
छुट्ट्याउन चिन्हको रूपमा काम गरून्। १५ र पृथ्वीमा प्रकाश दिनलाई
अन्तरिक्षमा ती ज्योतिहरू होऊन्।” तब त्यस्तै भइहाल्यो। १६ अनि
परमेश्वरले दुई विशाल ज्योतिहरू बनाउनुभयो– ठूलो ज्योति दिनमाथि प्रभुत्व गर्न,
र सानो ज्योति रातमाथि प्रभुत्व गर्न। उहाँले ताराहरू पनि बनाउनुभयो। १७
अनि परमेश्वरले पृथ्वीमा प्रकाश दिनलाई, १८ दिन र रातमाथि प्रभुत्व गर्न अनि
उज्यालो र अँध्यारोलाई अलग-अलग गर्नलाई ती आकाशमा राख्नुभयो। र
परमेश्वरले हेर्नुभयो, त्यो असल थियो। १९ साँझ पर्‍यो र बिहान भयो– चौथो
दिन। २० अनि परमेश्वरले भन्नुभयो, “पानी जीवित जन्तुहरूले प्रशस्त गरी
भरिऊन्। र पन्क्षीहरूचाहिँ पृथ्वीमाथि अन्तरिक्षमा उड्रून्।” २१ यसैले समुद्रका
विशाल जलजन्तुहरू, पानीहरूमा भरिएका चलहल गर्ने किसिम-किसिमका सबै
जीवित प्राणीहरू र जात-जातका पखेटा भएका सबै पन्क्षीहरू परमेश्वरले सृष्टि
गर्नुभयो। र परमेश्वरले हेर्नुभयो, त्यो असल थियो। २२ अनि परमेश्वरले
तिनीहरूलाई यसो भनेर आशिष् दिनुभयो, “फल्दै-फुल्दै, वृद्धि हुँदै र समुद्रमा

भरिँदैजाओ। र पन्क्षीहरूको पनि पृथ्वीमा वृद्धि हुँदैजाओस्।" २३ अनि साँझ पऱ्यो र बिहान भयो– पाँचौं दिन। २४ अनि परमेश्वरले भन्नुभयो, "पृथ्वीले जात-जातका जीवित प्राणीहरू, अर्थात् जात-जातका पालिने पशुहरू, घस्रने जन्तुहरू र जात-जातका वन-पशुहरू उत्पन्न गरोस्। तब त्यस्तै भयो। २५ परमेश्वरले पृथ्वीका जात-जातका वन-पशुहरू, जात-जातका पालिने पशुहरू र जमिनमा घस्रने जात-जातका जन्तुहरू बनाउनुभयो। र परमेश्वरले हेर्नुभयो, त्यो असल थियो। २६ फेरि परमेश्वरले भन्नुभयो, "मानिसलाई आफ्नै स्वरूपमा, हाम्रै प्रतिरूपमा बनाऔं। तिनीहरूले समुद्रका माछाहरू, आकाशका पन्क्षीहरू, पालिने पशुहरू र जमिनमा चलहल गर्ने सबै जन्तुहरूमाथि अधिकार गरून्।" २७ यसैकारण परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो। परमेश्वरकै प्रतिरूपमा उहाँले तिनलाई सृष्टि गर्नुभयो। नर र नारी नै गरी उहाँले तिनीहरूलाई सृष्टि गर्नुभयो। २८ परमेश्वरले तिनीहरूलाई आशिष् दिनुभयो, र तिनीहरूलाई भन्नुभयो, "फल्दै-फुल्दै, वृद्धि हुँदै, पृथ्वीमा भरिँदै र त्यसलाई आफ्नो वशमा पार्दैजाओ। समुद्रका माछाहरू, आकाशका पन्क्षीहरू तथा पृथ्वीका सबै जीवित प्राणीहरूमाथि अधिकार गर।" २९ तब परमेश्वरले भन्नुभयो, "हेर, म तिमीहरूलाई पृथ्वीका सबै बीउ उमार्ने बोटहरू र फलमा नै बीउ हुने सबै फलका रूखहरू दिन्छु। ती तिमीहरूलाई आहाराको निम्ति हुनेछन्। ३० र पृथ्वीको हरेक पशु, आकाशको हरेक पन्क्षी र जमिनमा चलहल गर्ने हरेक जन्तु– हरेक प्राणी जसमा जीवन छ– तिनीहरूका आहाराको निम्ति म हरिया वनस्पति दिन्छु।" तब त्यस्तै भयो। ३१ आफूले बनाउनुभएको हरेक कुरा परमेश्वरले हेर्नुभयो। र त्यो साह्रै राम्रो थियो। साँझ पऱ्यो र बिहान भयो– छैटौं दिन।" र उत्पत्ति २:१-७ "१ यसरी आकाश र पृथ्वी र तिनमा भएका सबै कुरा बनाइसिद्धिए। २ आफूले गर्नुभएका काम छैटौं दिनमा परमेश्वरले सिद्ध्याउनुभयो। र सातौं दिनमा आफूले गर्नुभएका सबै कामबाट उहाँले विश्राम लिनुभयो। ३ अनि परमेश्वरले सातौं दिनलाई आशिष् दिनुभयो र त्यसलाई पवित्र तुल्याउनुभयो, किनभने आफूले सृष्टिमा गर्नुभएका सारा कामबाट यसै दिनमा उहाँले विश्राम लिनुभयो। ४ आकाश र पृथ्वीका सृष्टिको वृत्तान्त यही हो। परमप्रभु परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभएको दिन ५ भूमिमा एउटै पनि वनस्पति थिएन, र भूमिमा कुनै घाँसपात पनि उम्रेको थिएन, किनभने परमप्रभु परमेश्वरले पृथ्वीमा पानी बर्साउनुभएको थिएन र भूमि खनजोत गर्न कुनै मानिस पनि थिएन। ६ तर पृथ्वीबाट खोलाहरू निस्की उठेर समस्त भूमिलाई भिजाउने

गर्थे। ७ तब परमप्रभु परमेश्वरले भूमिको माटोबाट मानिस बनाउनुभयो, र तिनको नाकमा जीवनको सास फुकिदिनुभयो, र मानिस जीवित प्राणी भए।" अब आट्रा-हासिसको पुराणबाट यो पढ्नुहोस् (यो पुराण ई.पू. २००० वर्ष अघि बेबिलोन वा आधुनिक इराकमा लेखिएका माटाका चकटी वा टेब्लेटमा आर्टाहासिस अर्थात् धेरै बुद्धिमानी मानिसले लेखेका थिए। यसमा संसारको सृष्टि र जलप्रलयको विवरण लेखिएको थियो-अनुवादकको थप जानकारी)। यस माटोको पाटीमा लेखिएको पुराणको सानो अंश यस्तो छ "जब मानिसहरूको सट्टामा देवताहरूले काम गरे तब तिनीहरूले ठूला ठूला भारीहरू बोकेका थिए। ती देवताहरूले बोकेका भारीहरू धेरै गऱ्हौं थिए। काम धेरै गाऱ्हो थियो र तिनीहरूले धेरै परिश्रम गरे। यो अत्यन्तै कष्टको समय थियो।...गर्भ भएकी देवीले सन्तान जन्माओस् र देवताहरूका भारहरू मानिसले बोकुन्... अत्यन्तै ज्ञानी अर्थात् वौद्धिक ज्ञान भएको देवता गेश्टुलाई तिनीहरूले आफ्नो भेलामा मारे। निन्टु देवताले त्यसलाई माटोमा मिसाए। त्यस गेश्टु देवताको हाडछाला र रगत र माटो मिसाएर दस महिनापछि मानव जीवनको जन्म भयो..."-स्टेफनी डालि, मिथस् फ्रम मेसोपोटामियाः क्रियशन, द फ्लड, गिलगमाश, एण्ड अदरस् (न्यु योर्क, युनिभर्सिटी, १९८९), पृ. ९,१४,१५। बाइबलमा लेखिएको सृष्टिको विवरण र माथिको पुराणमा लेखिएको कथामा के भिन्नता छ?

बाइबल र उक्त पुराणका कथावीच केही न केही वेमेल त छ नै। पहिलो मानिस माटोबाट बनाइएको हो भनेर बेबिलोनको पुराणमा लेखिएको छ, तैपनि बाइबल र पुराणमा धेरै फरक धारणाहरू छन् जुन मिसाउन सकिँदैन।

अ. आट्रा-हासिसको कथामा देवताहरूको निम्ति मानिसले काम गर्दछन् रे ताकि देवताहरूले विश्राम पाऊन्। उत्पत्तिको पुस्तकमा परमेश्वरले पृथ्वी र सबै थोक सृष्टि गर्नुभयो। अनि सृष्टिको श्रेष्ठतामा मानिसहरू बनाउनुभयो र तिनीहरूसँग उहाँले विश्राम लिनुभयो। उत्पत्तिको पुस्तकमा मानिस प्राणीहरू बगैंचामा राखिएका थिए र परमेश्वरसँग सम्पर्कमा रहन तिनीहरूलाई आह्वान गरिएको थियो। तिनीहरूलाई पृथ्वीको हेरचाह गर्ने जिम्मा दिइएको थियो। तर यो धारणा आट्रा-हासिसको पुराणमा छैन।

आ. आट्रा-हासिसको पुराणमा एउटा सानो देवतालाई मारिन्छ र उसको रगत माटोसँग मिलाएर सात पुरुष र सात स्त्रीहरू सृष्टि गरिन्छ। तर उत्पत्तिको पुस्तकमा व्यक्तिगतरूपमै संलग्न भएर परमेश्वरले आदमलाई सृष्टि गर्नुहुन्छ र नाकमा जीवनको सास फुकिदिनुहुन्छ र स्त्रीलाई उनको काममा सहयोग गर्न

उहाँले सृष्टि गर्नुहुन्छ। परमेश्वरले कुनै मारिएको देवताबाट आदम र हव्वा सृष्टि गर्नुभएन।

इ. आट्रा-हासिसमा जस्तो देवताहरूको बीचमा कुनै हिंसा वा द्वन्द्व उत्पत्तिको सृष्टिको कथमा छैन।

सर्वशक्तिमान् परमेश्वरले मानव जाति सृष्टि गर्नुभएर यो पृथ्वीलाई संभार गर्ने जिम्मा त्यस मानव जातिलाई सुम्पिनुभएको थियो। त्यसबेला यो पृथ्वी सिद्ध थियो। पृथ्वीको रेखदेख गर्ने जिम्मा परमेश्वरले मानिसलाई दिनुभएको कुरा अत्यन्तै महान्, उच्च र विशिष्ट थियो। अत्यन्तै पृथकता र भिन्नताले गर्दा बाइबलका विद्वानहरूले यो निश्कर्ष निकालेका थिए कि बाइबलमा लेखिएको सृष्टिको कथा र आट्रा-हासिस जस्ता पुराणहरूमा लेखिएका सृष्टिका कथाहरूमा भारि अन्तर वा भिन्नता छ।

**सृष्टि र जलप्रलयका कथाहरू मौखिकरूपमा एक पछि अर्को पिँढीहरूलाई सुनाइएको हुनाले कतिपय कथाहरू मिल्दछन् अर्कोतर्फ ती कथाहरू तोडमोड गरेर सुनाउन थालिएको हो भनेर कतिपयले विवाद पनि गर्छन्। तर पवित्र आत्माको प्रेरणाद्वारा सृष्टिको विवरण मोशाले प्रष्टरूपमा लेखेका थिए। सृष्टिको विषयमा लेखिएको कथा सृष्टिकर्ता परमप्रभु परमेश्वरको महिमा नगर्ने विभिन्न पुराणहरूबाट मोशाले सापटि लिएर लेखेका थिए भन्ने धारणाभन्दा पवित्र आत्माको अगुवाइमा मोशाव्दारा ती सत्य लेखिएका हुन् भन्ने धारणामध्ये कुन धारणा मनासिव देखिन्छ?**

## ३. उत्पत्तिको पुस्तकसँग बाझिने सृष्टिकर्ता परमेश्वरलाई नमान्ने धर्म वा संस्कृति

बाइबलमा भएको सृष्टिको कथा सृष्टिकर्ता परमपिता परमेश्वरलाई नमान्ने कुनै धर्म, सभ्यता वा पौराणिक कथाहरूमा भर परेर लेखिएको होइन। ती तत्वहरूले सृष्टिकर्ता परमेश्वरलाई टाढा राख्दछ।

**सृष्टिको चौथौं दिनमा जे देखापरे ती कसरी देखा परे र तिनीहरूका कामहरू के हुन्? हेर्नुहोस् उत्पत्ति १:१४-१९ "१४ अनि परमेश्वरले भन्नुभयो, "अन्तरिक्षमा दिन र रात छुट्ट्याउनलाई ज्योतिहरू होऊन्। तिनीहरू ऋतुहरू, दिनहरू र वर्षहरू छुट्ट्याउन चिन्हको रूपमा काम गरून्। १५ र पृथ्वीमा प्रकाश दिनलाई अन्तरिक्षमा ती ज्योतिहरू होऊन्।" तब त्यस्तै भइहाल्यो। १६ अनि परमेश्वरले दुई विशाल ज्योतिहरू बनाउनुभयो– ठूलो ज्योति दिनमाथि प्रभुत्व गर्न, र सानो ज्योति रातमाथि प्रभुत्व गर्न। उहाँले ताराहरू पनि**

**बनाउनुभयो। १७ अनि परमेश्वरले पृथ्वीमा प्रकाश दिनलाई, १८ दिन र रातमाथि प्रभुत्व गर्न अनि उज्यालो र अँध्यारोलाई अलग-अलग गर्नलाई ती आकाशमा राख्नुभयो। र परमेश्वरले हेर्नुभयो, त्यो असल थियो। १९ साँझ पर्‍यो र बिहान भयो– चौथो दिन।"**

आकाशमा भएका ज्योतिहरूलाई औंल्याउन "सूर्य" र "चन्द्रमा" भन्ने शब्दहरू उल्लेख गरिएको थिएन किनकि ती नामहरूले पौराणिक इजिप्ट र मध्यपूर्वका देवताहरूलाई औंल्याउँथ्यो। हिब्रू संस्कारमा ती देवताहरू थिएनन्। ठूलो ज्योति र सानो ज्योति भनेर सम्बोधन गर्दा ती सृष्टि विशेष कामको निम्ति सृष्टि भएका थिए भन्ने बुझिन्छ। ती सृष्टि गरिनुको उद्देश्य उत्पत्ति १:१४,१५मा यसरी व्याख्या गरिएको छ "१४ अनि परमेश्वरले भन्नुभयो, "अन्तरिक्षमा दिन र रात छुट्ट्याउनलाई ज्योतिहरू होऊन्। तिनीहरू ऋतुहरू, दिनहरू र वर्षहरू छुट्ट्याउन चिन्हको रूपमा काम गरून्। १५ र पृथ्वीमा प्रकाश दिनलाई अन्तरिक्षमा ती ज्योतिहरू होऊन्।" तब त्यस्तै भइहाल्यो। १६ अनि परमेश्वरले दुई विशाल ज्योतिहरू बनाउनुभयो– ठूलो ज्योति दिनमाथि प्रभुत्व गर्न, र सानो ज्योति रातमाथि प्रभुत्व गर्न। उहाँले ताराहरू पनि बनाउनुभयो। १७ अनि परमेश्वरले पृथ्वीमा प्रकाश दिनलाई, १८ दिन र रातमाथि प्रभुत्व गर्न अनि उज्यालो र अँध्यारोलाई अलग-अलग गर्नलाई ती आकाशमा राख्नुभयो। र परमेश्वरले हेर्नुभयो, त्यो असल थियो।" सूर्य र चन्द्रमा देवीदेवताहरू थिएनन् तर तिनलाई प्राकृतिक काम गर्न सृष्टि गरिएको थियो जुन् अहिले पनि हामीले बुझे अनुसार यथावतै छ।

**आदम र हव्वाको सृष्टिको निम्ति परमेश्वर व्यक्तिगतरूपमै संलग्न हुनुभएको थियो भनेर देहायका पदहरूले कसरी बताउँछ? हेर्नुहोस्, उत्पत्ति २:७, १८-२४ "७ तब परमप्रभु परमेश्वरले भूमिको माटोबाट मानिस बनाउनुभयो, र तिनको नाकमा जीवनको सास फुकिदिनुभयो, र मानिस जीवित प्राणी भए।...१८ फेरि परमप्रभु परमेश्वरले भन्नुभयो, "मानिस एकलो रहन असल छैन। म त्यसको निम्ति त्यसलाई सुहाउने एउटा सहयोगी बनाउनेछु।" १९ परमप्रभुले सबै वन-पशु र आकाशका सबै पन्क्षी लाई भूमिबाट बनाएर मानिसले तिनीहरूको के-के नाउँ राख्दो रहेछ भनी हेर्न तिनीहरूलाई मानिसकहाँ ल्याउनुभयो। र मानिसले हरेक प्राणीलाई जे-जे नाउँ दिए त्यही-त्यही नै त्यसको नाउँ भयो। २० अनि मानिसले नै सबै पालिने पशु, आकाशका पन्क्षी र सबै वन-पशुहरूका नाउँ राखे। तर आदमको निम्ति तिनलाई सुहाउँदो कोही**

**सहयोगी पाइएन। २१ यसैकारण परमप्रभु परमेश्वरले मानिसलाई मस्त निद्रामा पार्नुभयो, र तिनी निदाएको बेलामा तिनका करङहरूमध्येको एउटा निकालेर त्यसको ठाउँमा मासु भरिदिनुभयो। २२ जुन करङ परमप्रभु परमेश्वरले मानिसबाट निकाल्नुभएको थियो, त्यसबाट एउटी स्त्री बनाएर मानिसकहाँ ल्याउनुभयो। २३ मानिसले भने, "यो त मेरै हाड़को हाड़ र मासुको मासु हो। तिनलाई स्त्री भनिने छ। किनभने तिनी पुरुषबाट निकालिएकी थिइन्।" २४ यसैकारण मानिसले आफ्ना आमा-बाबुलाई छोड्छ र आफ्नी पत्नीसँग मिलिरहन्छ, र तिनीहरू एउटै शरीर हुन्छन्।**

देवीदेवताहरूलाई सहयोग गर्न र तिनीहरूको कामको भारलाई हलुको पार्न मानिसहरू सृष्टि गरिएका थिए भनेर मध्य पूर्व एशियाको पौराणिक कथाले बताउँछ। यो मिथ वा **पौराणिक कथा** बाइबलको कथा विपरीत छ। देवताहरूले चाहेर पछि सोचविचार गरेर मानव सृष्टि भएको होइन तर यस संसारमा परमेश्वरको प्रतिनिधि भएर शासन गर्न उहाँले मानिसलाई सृष्टि गर्नुभएको थियो। तर समुच्चरूपमा हेर्ने हो भने बाइबलमा लेखिएको सृष्टिको कथा अन्य सभ्यता वा धर्ममा लेखिएको सृष्टिको कथाभन्दा धेरै भिन्न छ।

मध्य पूर्वका पौराणिक वा मिथ अर्थात् काल्पनिक कथाहरू भन्दा बाइबलमा उल्लेख गरिएको सृष्टिको कथा ठोस, सत्य र तर्कयुक्त छ। मोशाले यस्तो कुनै पनि शब्दहरू प्रयोग गरेनन् जुन् अन्य सभ्यता वा धर्महरूको अवधारणामा प्रयोग गरिएका हून्। परमेश्वरको बारेमा, सृष्टिमा उहाँको भूमिका र सृष्टिको उद्देश्यको वास्तविकतालाई मध्य नजर राखेर ऐतिहासिक व्यक्तित्व मोशाले उत्पत्तिको पुस्तक लेखेका थिए।

**हजारौं वर्ष अघिका मानिसहरूको सभ्यता बाइबलमा लेखिएको सृष्टिको कथासँग मेल खाएको थिएन न त आज नै खान्छ। यसमा हामीले किन आश्चर्य मान्नु हुँदैन?**

## ४. सृष्टि र समय

**आदमदेखि नोहासम्म र नोहादेखि अब्राहमसम्मको मानव इतिहास बाइबलले बताउँछ। हेर्नुहोस् देहायका अध्यायहरू, उत्पत्ति ५ "१ आदमको लिखित वंश-विवरण यही हो। परमेश्वरले मानिसलाई सृष्टि गर्नुहुँदा उहाँले उनलाई आफ्नै स्वरूपमा बनाउनुभयो। २ उहाँले तिनीहरूलाई नर र नारी सृष्टि गर्नुभयो। तिनीहरूको सृष्टि भएको दिन उहाँले तिनीहरूलाई आशिष् दिनुभयो र**

"मानिस" नाउँ दिनुभयो। ३ आदमको उमेर एक सय तीस वर्षको हुँदा तिनले आफ्नै स्वरूपमा एउटा छोरालाई जन्म दिएर तिनको नाउँ शेत राखे। ४ शेतको जन्म भएपछि आदम आठ सय वर्षसम्म बाँचे, र तिनका अरू छोराछोरीहरू जन्मे। ५ आदमको जम्मा उमेर नौ सय तीस वर्ष भएको थियो। अनि तिनी मरे। ६ शेतको उमेर एक सय पाँच वर्षको हुँदा तिनले एनोशलाई जन्माए। ७ एनोश जन्मेपछि शेत आठ सय सात वर्षसम्म बाँचे। तिनका अरू छोराछोरीहरू जन्मे। ८ शेतको जम्मा उमेर नौ सय बाह्र वर्ष भएको थियो। अनि तिनी मरे। ९ एनोशको उमेर नब्बे वर्षको हुँदा तिनले केनानलाई जन्माए। १० केनान जन्मेपछि एनोश आठ सय पन्ध्र वर्षसम्म बाँचे। तिनका अरू छोराछोरीहरू जन्मे। ११ एनोशको जम्मा उमेर नौ सय पाँच वर्ष भएको थियो। अनि तिनी मरे। १२ केनानको उमेर सत्तरी वर्षको हुँदा तिनले महलालेललाई जन्माए। १३ महलालेल जन्मेपछि केनान आठ सय चालीस वर्षसम्म बाँचे। अनि तिनका अरू छोराछोरीहरू जन्मे। १४ केनानको जम्मा उमेर नौ सय दश वर्ष भएको थियो। अनि तिनी मरे। १५ महलालेलको उमेर पैंसट्ठी वर्षको हुँदा तिनले येरेदलाई जन्माए। १६ येरेद जन्मेपछि महलालेल आठ सय तीस वर्षसम्म बाँचे। तिनका अरू छोराछोरीहरू जन्मे। १७ महलालेलको जम्मा उमेर आठ सय पञ्चानब्बे वर्ष भएको थियो। अनि तिनी मरे। १८ येरेदको उमेर एक सय बयसट्ठी वर्षको हुँदा तिनले हनोकलाई जन्माए। १९ हनोक जन्मेपछि येरेद आठ सय वर्षसम्म बाँचे। तिनका अरू छोराछोरीहरू जन्मे। २० येरेदको जम्मा उमेर नौ सय बयसट्ठी वर्ष भएको थियो। अनि तिनी मरे। २१ हनोकको उमेर पैंसट्ठी वर्षको हुँदा तिनले मतूशेलहलाई जन्माए। २२ मतूशेलह जन्मेपछि हनोक तीन सय वर्षसम्म परमेश्वरको साथसाथ हिँड्दैरहे। तिनका अरू छोराछोरीहरू जन्मे। २३ हनोकको जम्मा उमेर तीन सय पैंसट्ठी वर्ष भएको थियो। २४ हनोक परमेश्वरको साथसाथ हिँड्थे। र तिनी अलप भए, किनभने परमेश्वरले तिनलाई उठाइलानुभयो। २५ मतूशेलहको उमेर एक सय सतासी वर्षको हुँदा तिनले लेमेखलाई जन्माए। २६ लेमेख जन्मेपछि मतूशेलह सात सय बयासी वर्षसम्म बाँचे। तिनका अरू छोराछोरीहरू जन्मे। २७ मतूशेलहको जम्मा उमेर नौ सय उनन्सत्तरी वर्ष भएको थियो। अनि तिनी मरे। २८ लेमेखको उमेर एक सय बयासी वर्षको हुँदा तिनले एउटा छोरा जन्माए। २९ तिनले यसो भनेर उसको नाउँ नोआ राखे, "परमप्रभुले श्राप दिनुभएको भूमिको हाम्रो काम र परिश्रममा यसले हामीलाई शान्ति दिनेछ।" ३० नोआ जन्मेपछि लेमेख पाँच सय

पञ्चानब्बे वर्षसम्म बाँचे। तिनका अरू छोराछोरीहरू जन्मे। ३१ लेमेखको जम्मा उमेर सात सय सतहत्तर वर्ष भएको थियो। अनि तिनी मरे। ३२ नोआ पाँच सय वर्षका हुँदा तिनले शेम, हाम र येपेतलाई जन्माए।" र उत्पत्ति ११ "१ त्यस बेला जम्मै पृथ्वीमा एउटै भाषा र एकै खालको बोली थिए। २ मानिसहरू पूर्वतिर सर्दैजाँदा शिनार देशमा एउटा मैदान भेट्टाएर त्यहीं बसोबास गरे। ३ तिनीहरूले आपसमा भने, "लौ, हामीहरू ईंट बनाएर पोलौं।" ढुङ्गाको सट्टा ईंट र हिलोको सट्टा अलकत्रा तिनीहरूले प्रयोग गरे। ४ तब तिनीहरूले भने, "लौ, हामी आफ्नो निम्ति एउटा सहर र स्वर्गैसम्म पुग्ने एउटा धरहरा बनाऔं, अनि आफ्नो नाउँ राखौं र हामी पृथ्वीभरि जतातते नछरिऔं।" ५ मानिसहरूका सन्तानले बनाइरहेका सहर र धरहरा हेर्नलाई परमप्रभु तल ओर्लनुभयो। ६ अनि परमप्रभुले भन्नुभयो, "यदि एउटै भाषा बोल्ने एउटै जातिको स्थानमा अहिले यिनीहरूले यो गरे भने, अब तिनीहरूले योजना गरेको कुनै पनि कुरा असम्भव हुनेछैन। ७ आओ, तल ओर्लेर गई तिनीहरूको भाषा खलबल पारिदिऔं, र तिनीहरूले एक-अर्काको बोली नबुझून्।" ८ तब परमप्रभुले त्यहींबाट तिनीहरूलाई जम्मै पृथ्वीभरि तितरबितर पारिदिनुभयो, र तिनीहरूले त्यो सहर बनाउन छोड़िदिए। ९ यसकारण त्यसको नाउँ बाबेल* राखियो, किनभने परमप्रभुले त्यहीं नै सारा पृथ्वीभरिका भाषा खलबल पारिदिनुभएको थियो। त्यहींबाटै परमप्रभुले तिनीहरूलाई सारा पृथ्वीभरि तितरबितर पारिदिनुभयो। १० शेमको वृत्तान्त यही हो। जलप्रलयको दुई वर्षपछि एक सय वर्षको उमेरमा शेमले अर्पक्षदलाई जन्माए। ११ अर्पक्षद जन्मेपछि शेम पाँच सय वर्षसम्म बाँचे, र तिनका अरू छोराछोरीहरू जन्मे। १२ अर्पक्षदको उमेर पैंतीस वर्षको हुँदा तिनले शेलहलाई जन्माए। १३ शेलह जन्मेपछि अर्पक्षद चार सय तीन वर्षसम्म बाँचे, र तिनका अरू छोराछोरीहरू जन्मे। १४ शेलहको उमेर तीस वर्षको हुँदा तिनले एबेरलाई जन्माए। १५ एबेर जन्मेपछि शेलह चार सय तीन वर्षसम्म बाँचे, र तिनका अरू छोराछोरीहरू जन्मे। १६ एबेरको उमेर चौतीस वर्षको हुँदा तिनले पेलेगलाई जन्माए। १७ पेलेग जन्मेपछि एबेर चार सय तीस वर्षसम्म बाँचे, र तिनका अरू छोराछोरीहरू जन्मे। १८ पेलेगको उमेर तीस वर्षको हुँदा तिनले रऊलाई जन्माए। १९ रऊ जन्मेपछि पेलेग दुई सय नौ वर्षसम्म बाँचे, र तिनका अरू छोराछोरीहरू जन्मे। २० रऊको उमेर बत्तीस वर्षको हुँदा तिनले सरूगलाई जन्माए। २१ सरूग जन्मेपछि रऊ दुई सय सात वर्षसम्म बाँचे, र तिनका अरू छोराछोरीहरू जन्मे। २२ सरूगको उमेर तीस

वर्षको हुँदा तिनले नाहोरलाई जन्माए। २३ नाहोर जन्मेपछि सरूग दुई सय वर्षसम्म बाँचे, र तिनका अरू छोराछोरीहरू जन्मे। २४ नाहोरको उमेर उनन्तीस वर्षको हुँदा तिनले तेरहलाई जन्माए। २५ तेरह जन्मेपछि नाहोर एक सय उन्नाईस वर्षसम्म बाँचे, र तिनका अरू छोराछोरीहरू जन्मे। २६ तेरहको उमेर सत्तरी वर्षको हुँदा तिनले अब्राम, नाहोर र हारानलाई जन्माए। २७ तेरहको वृत्तान्त यही हो।

तेरहले अब्राम, नाहोर र हारानलाई जन्माए। अनि हारानले लोतलाई जन्माए। २८ हारान तिनका बाबु तेरहकै जीवनकालमा आफ्नो जन्म देश कल्दीहरूको ऊरमा मरे। २९ अब्राम र नाहोरले विवाह गरेर पत्नी ल्याए। अब्रामकी पत्नीको नाउँ साराई र नाहोरकी पत्नीको नाउँ मिल्का थियो। तिनी हारानकी छोरी थिइन्। हारानचाहिँ मिल्का र यिस्काका पिता थिए। ३० साराई बाँझी थिइन्, र तिनका कोही छोराछोरी थिएनन्। ३१ तेरहले आफ्ना छोरा अब्राम र हारानको छोरो आफ्नो नाति लोत र अब्रामकी पत्नी आफ्नी बुहारी साराईलाई साथमा लिएर कल्दीहरूको ऊरबाट कनान देशमा जान तिनीहरूसँगै निस्के। तर तिनीहरू हारानमा पुगेपछि त्यहीं नै बसोबास गरे। ३२ तेरहको उमेर दुई सय पाँच वर्ष पुगेपछि तिनी हारानमा मरे।"

बाइबलमा लेखिएको ती बंशावलीहरूमा एक तत्व छ जसले बाइबलको विशेषतालाई देखाउँछ। कतिपय विद्वानहरूले त्यसलाई "chronogenealogies" (क्रोनोजिनियलोजिज) अर्थात् बंशको इतिहास ठिक ठिक समय उल्लेख गरेर लेखिएको बृतान्त भनेर सम्बोधन गर्दछन्। समय वा उमेरसँग नबाझिने गरेर "उनी यति वर्षसम्म बाँचे, अनि उनले फलानालाई जन्माए, त्यस फलानाले अर्कोलाई जन्माए र यति वर्षसम्म बाँचे छोराछोरीहरू जन्माए" भनेर लेखिएको छ। अनि उत्पत्ति ५मा एक सुत्र देखिन्छ, "त्यस व्यक्तिका दिनहरू यतिका वर्षहरू थिए।" यसरी एक पछि अर्को सन्तानको नामै किटान गरेर लेखिएको बंशावलीमा कुनै नाउँ छुट्ने वा जोड्ने प्रावधान थिएन। उत्पत्ति ५ र ११ले उल्लेख गरेको बंशावलीले एक पछि अर्को पिंडी जन्मिएको देखाउँछ जुन् १ इतिहास १:१८-२७मा पनि कुनै नाउँ नजोडि वा नछुटाई त्यही बंशावली उतारिएको छ। यसले बाइबलको व्याख्या बाइबलले नै गर्छ भन्ने कुरा प्रमाणित गर्दछ।

कमसेकम २००० वर्षदेखि यहूदी र इसाई विद्वानहरूले इतिहासलाई देखाउने बाइबलका बंशालीहरूबाट पृथ्वीको आयु र जलप्रलयको समयको

मिति यही हो भनेर ठोकुवा गरेका छन्। उत्पत्ति १ र २मा उल्लेख गरिएको सात दिन लगाएर सृष्टि गरिएको दिनदेखि आजसम्म पृथ्वीको आयु यति भयो भनेर निष्कर्ष निकालेका छन्।

विगतका केही वर्षहरूमा उत्पत्ति ५ र ११को वृतान्तलाई मानिसहरूले आफ्नै तरिकाले व्याख्या गर्न खोजेको पाइन्छ। तिनीहरूले नै बाइबलमा लेखिएको सृष्टिको एक दिनको अर्थ करौडौं वर्ष हो भनेर पुष्टि गर्न खोजेका छन्। तिनीहरूले पुरातत्विक, इतिहास र विकासवादको आधारमा बाइबलमा लेखिएको सात दिने सृष्टि र जलप्रलयको बाइबलको लेखालाई ओझेलमा पार्न खोजेका छन्। ती मानवीय धारणाले गर्दा बाइबलप्रति र बाइबलमा लेखिएको लेखाप्रतिको विश्वासमा गम्भिर प्रश्नहरू खडा हुन जान्छन्।

यदि समय र इतिहासमा त्यसको प्रगतिको बारेमा परमेश्वरको धारणालाई बुझ्न चाहन्छौं भने दुवै उत्पत्ति ५ र ११को बंशावलीलाई मान्नुपर्दछ। "दुवै अध्यायहरू ऐतिहासिक र धार्मिक विद्या अनुसार छ। यसले आदम र उनी पछिका मानव पिंडीहरू परमेश्वरको समय र स्थानसँगको सम्बन्धमा गाँसिएका छन् भनेर देखाउँछ। उत्पत्ति ५ र ११:१०-२६मा लेखिएको समय तालिकाले परमेश्वरका जनहरूको मानव साङ्लोसँग र ऐतिहासिक ढाँचामा एकरूपता आएको देखाउँछ। यस ग्रहमा सृष्टिको छैटौं दिनको निर्णायक सृष्टि मानव प्राणी थियो। उत्पत्ति ५ र ११मा लेखिएको बंशावलीले मानव वंश ऐतिहासिकरूपमा काल्पनिक नभएर ठोस भएको प्रमाणित गर्दछ।"-गेर्हार्ड एफ. *हासेल, द मिनिङग अभ क्रोनोजिनियोलोजीज अभ जेनिसिस ५ एण्ड ११", अरिजिन* ७.२ (१९८०), पृ. ६९बाट रूपान्तरित।

**उत्पत्ति ५ र ११का पदहरू असल छन् र त्यसको आफ्नै महत्त्व छ तैपनि यस खालका अध्याय वा पदहरू अध्ययन गर्दा के कुरा हामीले सम्झिनु आवश्यक छ? हेर्नुहोस् पावलको धारणाः १ तिमोथी १:३-७ "३ म माकेडोनिया जाँदा तिमीलाई आग्रह गरेझैं तिमी एफिससमै बस, र झूटा शिक्षा सिकाउने मानिसहरूलाई त्यसो नगर्नू भनी कड़ा आज्ञा देऊ। ४ *र तिनीहरू अनुमानका कुराहरू मात्र बढ़ाउने दन्त्य-कथाहरू र नटुङ्गिने वंशावलीहरूतिर नलागून्, बरु विश्वासमा रहेको ईश्वरीय तालीमतिर लागून्*। ५ हाम्रो आज्ञाको लक्ष्य प्रेम हो, जो शुद्ध हृदय, असल विवेक र निष्कपट विश्वासबाट आउँछ। ६ कुनै-कुनै**

मानिसहरू यी सबबाट बरालिएर फोस्रा तर्कहरूमा अलमलिएका छन्। ७ तिनीहरू व्यवस्थाका शिक्षक हुने इच्छा गर्छन्, तर आफैले बोलेका कुरा अथवा आफूले किटान गरेर भनेका कुरा तिनीहरू आफै बुझ्दैनन्।" र तितस ३:९-१० "९ *तर मूर्ख वाद-विवाद, वंशावली, फूट र व्यवस्थासम्बन्धी झगड़ाहरूबाट अलग बस, किनकि ती बेफाइदा र व्यर्थका हुन्छन्*। १० फूट ल्याउने मानिसलाई चाहिँ एक वा दुई पल्ट चेताउनी दिएपछि त्यससँग अरू कुनै सरोकार नराख।"

## ५. सृष्टिका सम्वन्धमा बाइबलीय पुष्टि

उत्पत्ति १-११मा लेखिएका विवरणहरूबाट देहायका नयाँ करारका पुस्तकहरूमा येशू र अन्य लेखकहरूले कसरी यी पदहरू प्रस्तुत गरेका छन्? हेर्नुहोस्, मत्ती १९:४-६ "४ तर उहाँले भन्नुभयो, "के तिमीहरूले पढ़ेका छैनौ, कि सृष्टिकर्ताले तिनीहरूलाई सुरुमा नै नर र नारी बनाउनुभयो, ५ र भन्नुभयो, 'यसैकारण मानिस आफ्ना बुबा र आमालाई छोड़ेर आफ्नी पत्नीसँग मिलिरहन्छ, र ती दुई जना एउटै शरीर हुनेछन्।' ६ ती अब दुई होइनन्, तर एउटै शरीर हुन्छन्। यसकारण परमेश्‍वरले जसलाई एकसाथ जोड्नुभएको छ, त्यसलाई कुनै मानिसले नछुट्ट्याओस्।", मर्कूस १०:६-९ "६ तर सृष्टिको आरम्भदेखि परमेश्‍वरले तिनीहरूलाई नर र नारी गरी बनाउनुभयो। ७ 'यसैकारण मानिस आफ्ना बुबा र आमालाई छोड़ेर आफ्नी पत्नीसँग मिलिरहन्छ, ८ र ती दुई जना एउटै शरीर हुनेछन्।' तिनीहरू फेरि दुई होइनन्, तर एउटै शरीर हुन्छन्। ९ यसकारण परमेश्‍वरले जसलाई एकसाथ जोड्नुभएको छ, मानिसले नछुट्ट्याओस्।", लूका ११:४८-५१ "४८ यसरी तिमीहरू आफ्ना पुर्खाहरूका काममा साक्षी छौ, र तिनीहरूसँग सहमत हुन्छौ, किनकि तिनीहरूले उनीहरूको हत्या गरे, र तिमीहरूचाहिँ उनीहरूका चिहान बनाउँछौ। ४९ यसैले परमेश्‍वरको बुद्धिले पनि भन्दछ, 'म तिनीहरूकहाँ अगमवक्ताहरू र प्रेरितहरू पठाउनेछु। उनीहरूमध्ये कसैलाई तिनीहरूले मार्नेछन् र कसैलाई सताउनेछन्। ५० संसारको सुरुदेखि सबै अगमवक्ताहरूका रक्तपातको लेखा यस पुस्तासँग लिइनेछ। ५१ हो, म तिमीहरूलाई भन्दछु, हाबिलको रगतदेखि लिएर, वेदी र मन्दिरको पवित्र-स्थानको माझमा मारिएका जकरियासम्मका रगतको लेखा यस पुस्तासँग लिइनेछ।", यूहन्ना १:१-३ "१ आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्‍वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्‍वर हुनुहुन्थ्यो। २ उहाँ आदिमा परमेश्‍वरसँग हुनुहुन्थ्यो। ३ सबै थोक उहाँद्वारा बनिए, र बनिएको कुनै थोक

पनि उहाँविना बनिएन।", प्रेरित १४:१५ "१५ "मानिसहरू हो, तपाईंहरू किन यस्तो काम गर्नुहुन्छ? हामी पनि त तपाईंहरूजस्तै दुःख-सुख भोग्ने मानिसहरू हौं, र तपाईंहरूलाई यी व्यर्थका कुराहरूबाट जीवित परमेश्वरतर्फ फिराउनलाई सुसमाचार सुनाउँछौं, जुन परमेश्वरले स्वर्ग, पृथ्वी, समुद्र र तिनमा भएका यावत् थोक बनाउनुभयो।", रोमी १:२० "उहाँको अदृश्य गुण, अर्थात् उहाँको अनन्त शक्ति र ईश्वरीय स्वभाव संसारको सृष्टिदेखि नै बनाइएका थोकहरूमा छर्लङ्ग देखिएको छ। यसैले यिनीहरूलाई कुनै किसिमको बहाना छैन।", २ कोरन्थी ४:६ "परमेश्वरले "अँध्यारोबाट ज्योति चम्कोस्" भन्नुभयो, उहाँ हाम्रा हृदयमा चम्कनुभएको छ, ताकि परमेश्वरका महिमाको ज्ञानको ज्योति ख्रीष्टको मुहारमा चम्कोस्।", एफिसी ३:९ "सबै कुरा सृजनुहुने परमेश्वरमा युग-युगदेखि लुप्त रहेका रहस्यको योजना के हो, सो सबै मानिसलाई खुलस्त गराउने अनुग्रह मलाई दिइयो।", १ तिमोथी २:१२-१७ "१२ मलाई सामर्थ्य दिनुहुने ख्रीष्ट येशू हाम्रा प्रभुलाई म धन्यवाद दिन्छु, किनभने आफ्नो सेवामा नियुक्त गरेर उहाँले मलाई विश्वासयोग्य ठान्नुभयो। १३ अगाडि मैले निन्दा गरें, खेदो गरें र उहाँको अपमान गरें, तर मैले यी अजान र अविश्वासमा गरेको हुनाले मैले कृपा पाएँ। १४ ख्रीष्ट येशूमा भएको विश्वास र प्रेमको साथ मेरो निम्ति हाम्रा प्रभुको अनुग्रह प्रशस्त मात्रामा उर्लिआयो। १५ यो वचन हरप्रकारले ग्रहणयोग्य छ, कि पापीहरूलाई उद्धार गर्न येशू ख्रीष्ट संसारमा आउनुभयो, र पापीहरूमा म सबैभन्दा मुख्य हुँ। १६ तर यसकारण मैले कृपा पाएँ, कि पापीहरूमा सबैभन्दा मुख्य भएर पनि मद्वारा येशू ख्रीष्टले आफ्नो असीम धैर्य प्रकट गर्न सकून्, ताकि उहाँमाथि विश्वास गरेर अनन्त जीवन पाउनेहरूका लागि म एउटा उदाहरण बन्न सकूँ। १७ युग-युगका राजा, अविनाशी र अदृश्य एकमात्र परमेश्वरलाई आदर र महिमा सदासर्वदा होस्। आमेन।", याकूब ३:७-९ "७ हरेक किसिमका पशुपक्षी, घस्रने जन्तु र समुद्रका जीवजन्तुलाई तह लगाउन सकिन्छ, र मानिस जातिबाट नै तह लगाइएको छ। ८ तर जिब्रोलाई कुनै मानिसले तह लाउन सक्दैन। घातक विषले भरिएको यो चञ्चल दुष्ट हो। ९ यसद्वारा हामी प्रभु र पिताको प्रशंसा गर्दछौं, र यसैद्वारा परमेश्वरको स्वरूपमा बनेका मानिसहरूलाई हामी सराप्तछौं।", १ पत्रुस ३:२० "जब नोआको समयमा जहाज बनाउँदा परमेश्वरले धैर्य धारण गरी पर्खिनुभएको थियो। त्यस जहाजमा थोरै, अर्थात् आठ जना मात्र पानीद्वारा बचाइए।", यहूदा ११-१४ "११ तिनीहरूलाई धिक्कार छ! किनकि तिनीहरू कयिनको चालमा हिंड्छन्, लाभको

खातिर बालामको भूलमा फस्दछन् र कोरहको विद्रोहमा जस्तै नष्ट हुन्छन्। १२ तिमीहरूका प्रीतिभोजमा यिनीहरू कलङ्क हुन्। किनकि यिनीहरू आफ्नै मात्र ख्याल राखी धन्दै नमानी बेसरी खान्छन् र पिउँछन्। तिनीहरू बतासले उड़ाइलैजाने पानीविनाको बादलसरह छन्, हिउँदका फलहीन वृक्षजस्ता, जो दुई पल्ट मरिसकेका र जरैसमेत उखेलिएका हुन्छन्। १३ तिनीहरू समुद्रका उर्लदा छालहरूजस्तै हुन्, जसले तिनीहरूका आफ्नै निर्लज्जताको फींज उकेल्छन्। यी बत्तिएका दिशाहीन ताराहरूजस्ता छन्, जसका निम्ति पातालको अन्धकार अनन्तको लागि राखिएको छ। १४ आदमदेखि सातौं पुस्ताका हनोकले पनि यी मानिसहरूका विषयमा यस्तो अगमवाणी बोलेका थिए, "हेर, परमप्रभु आफ्ना असंख्य पवित्र जनहरूसँग आउनुभयो।", प्रकाश २:७ "जसको कान छ, त्यसले सुनोस्, पवित्र आत्माले मण्डलीहरूलाई के भन्नुहुन्छ। जसले जित्छ त्यसलाई परमेश्वरको स्वर्गलोकमा भएको जीवनको रूखबाट खान दिनेछु।", प्रकाश ३:१४ "अनि लाउडिकियाका मण्डलीका दूतलाई यो लेखः यी कुरा आमेन, विश्वासयोग्य र साँचो साक्षी र परमेश्वरका सृष्टिको शासकले भन्दछ।" र प्रकाश २२:२,३ "२ त्यस सहरका सड़कको बीचबाट बगिरहेको थियो। त्यस नदीका किनारमा जीवनको वृक्ष थियो, जसले हरेक महिना बाह्रै किसिमका फलहरू दिइरहन्थ्यो। त्यसका पातहरूचाहिँ जाति-जातिहरूलाई निको पार्नका निम्ति थिए। ३ अबदेखि उसो त्यहाँ कहिल्यै सराप हुनेछैन। परमेश्वर र थुमाको सिंहासन त्यहाँ हुनेछ, र उहाँका दासहरूले उहाँको आराधना गर्नेछन्।"

येशू र नयाँ करारका सबै लेखकहरूले उत्पत्ति १-११मा लेखिएको इतिहास भरपर्दा र विश्वासिला छन् भनेर पुष्टि गरेका छन्। मोशाले लेखेका नर र नारी सृष्टि गरिएका लेखहरूलाई येशूले प्रस्तुत गर्नुभएको थियो (मत्ती १९:४)। आफ्ना पत्रहरूमा आफ्नो धार्मिक शिक्षालाई पुष्टि गर्न पावलले प्रायजसो सृष्टिको विवरण प्रयोग गरेका थिए। ग्रीक देशको एथेन्समा विद्वानहरूलाई सम्बोधन गर्दै पावलले घोषणा गरेका थिए ""परमेश्वर, जसले संसार र त्यसमा भएका यावत् थोक बनाउनुभयो, उहाँ स्वर्ग र पृथ्वीका प्रभु हुनु भएकोले उहा हातले बनाएको मन्दिरमा वास गर्नुहुन्न।" (प्रेरित १७:२४)। यसरी नयाँ करारका लेखकहरूले उत्पत्तिको पुस्तकलाई आफ्ना धार्मिक शिक्षादीक्षाको जग वा आधार बनाएर आजका पाठक वर्गहरूको सामु सृष्टि वा उत्पत्तिको विवरण कुनै मानगढन्ते, पौराणिक मिथ्या नभएर वास्तविक र यथार्थ हो भनेर देखाउन खोजेका छन्।

रोमी ५ अध्याय पढ्नुहोस्। यसमा छ पल्टभन्दा बढी आदमसँग येशू सम्वन्धित हुनुभएको देखाइएको छ (रोमी ५:१२,१४-१९ पढ्नुहोस्)। अर्थात आदमको ऐतिहासिक अस्तित्वको बारेमा पुष्टि गरेको छ।तर विकासवादी सिद्धान्तको धरातलमा उभिएर जब उत्पत्तिको पुस्तक पढिन्छ तब त्यसले आदमको वास्तविक अस्तितवलाई भत्काइ दिन्छ र छ दिन लगाएर गरिएको सृष्टिको वास्तविक विवरणलाई ध्वस्त पारिदिन्छ।

**यदि नयाँ करारका लेखकहरू पवित्र आत्मा र येशूको आफ्नै प्रेरणाद्वारा सृष्टिको विवरण भरपर्दो र वास्तविक इतिहास हुन् भनेर भनिरहेका छन् भने पतित, नास्तिक, परमेश्वरको निन्दा गर्ने वैज्ञानिक वा विद्वानहरूले उत्पत्तिको पुस्तकलाई खण्डन गर्नु हाम्रो निम्ति मूर्खतापूर्ण छ भनेर कसरी बुझ्ने?**

## उपसंहारः

**थप जानकारीः जेराल्ड ए. क्लिङ्गबेलद्वारा सम्पादित, द जेनसिस क्रियशन अकाउन्ट एण्ड इटस् रिभरबेरेशनस् इन ओल्ड टेस्टामेन्ट (आन्ड्रु, २०१५)।**

"मानिसलाई आवश्यक पर्ने समग्र ज्ञानको स्रोत इतिहासको पुस्तक हो जुन अहिले मानिसहरूको हातमा छ। यो अनन्त सत्यको मुहानबाट ताजा भएर आएको थियो र युगौं युगसम्म परमेश्वरको अलौकिक हातद्वारा यसको शुद्धतालाई सुरक्षित राखिएको थियो।...हामी मानव जातिको इतिहास केवल यसैमामात्र पाइन्छ। यसमा लेखिएको मानव इतिहास मानिसको घमण्ड र पूर्वाग्रहले दूषित पारिएको थिएन।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली ५, पृ. २५बाट रूपान्तरित।

"बाइबलको इतिहासबिना भूविज्ञान वा पृथ्वीको बारेमा सिकाउने विज्ञानले केही पनि प्रमाणित गर्न सक्दैन भनेर मलाई देखाइएको थियो। पृथ्वीमा भएका बिगतका कतिपय बस्तुहरूको अवस्था अहिलेको भन्दा फरक भएको प्रमाण पाइएको छ। तर तिनको अस्तित्व र यस पृथ्वीमा तिनीहरू कति समयसम्म भइरहेका थिए त्यसको मिति अवधि केवल बाइबलको इतिहासबाटमात्र बुझ्न सकिन्छ। बाइबलको इतिहासभन्दा बाहिरका कतिपय कुराहरू हामी थाहा नपाऔंला वा अनुमान गर्न सकौंला। तर हामीले थाहा पाएका कुराहरू वा अनुमान गरेका कुराहरूलाई पवित्र धर्मशास्त्रमा भएका सत्य तथ्यसँग बाझिन दिनुहुन्न। जब मानिसहरू बाइबलमा वर्णन गरेअनुसार सृष्टिको इतिहासलाई वेवास्ता गरि परमेश्वरको सृजनात्मक कामहरूलाई प्राकृतिक

नियमको आधारमा व्याख्या गर्न खोज्छन् भने तिनीहरू असिमित अनिश्चित र अन्यौलको भुमरीमा पर्नेछन्। परमेश्वरले छ दिनमा आफ्नो सृष्टिको काम कसरी सक्नुभयो त्यो ज्ञान पतित मानिसहरूलाई उहाँले कहिल्यै पनि प्रकट गर्नुभएको थिएन। जसरी उहाँको अस्तित्वको बारेमा हामी बुझ्न सक्दैनौं त्यसरी नै उहाँको सृजनात्मक कामहरू कसरी भयो सो हामी बुझ्न सक्दैनौं।"- एलेन जी ह्वाइट, स्पिरटचयल गिफ्टस्, बुक ३, पृ. ९३बाट रूपान्तरित।

**चिन्तनमनन्:**

अ. **जब अहिले पनि हामीले चलाउन सक्ने, सुन्न सक्ने, देख्न सक्ने, स्वाद लिन सक्ने र जाँच्न सक्ने कतिपय थोकहरूलाई विज्ञानले व्याख्या गर्न खोज्दा मतभेद र विवाद हुन्छ तैपनि मानिसहरूले केही प्रश्न नै नगरि ती मतभेद भएका कुराहरू सजिलैसँग स्वीकारीरहेका हुन्छन् भने कुनै कुरा हुन लाखौं र अर्बौं वर्ष लाग्यो भनेर विकासवादी सिद्धान्त जस्ता वैज्ञानिकहरूले गरेका दावीहरूलाई पनि मानिसहरूले "ए, यस्तै हो" भनेर सोच्दै नसोचि स्वीकार गरिरहेका होइनन् र?**

आ. **आजका कतिपय विज्ञानले कतिपय कुराहरू अनुमानमा वा प्राकृतिक नियममा भरपर्छन् र ती कुरा अलौकिक शक्तिसँग सम्वन्धित हुँदैनन् भनेर सिकाउँदछ।वास्तवमा उत्पत्तिको पुस्तकमा भएको सृष्टिको विवरण बुझ्न हाम्रो ज्ञान सिमित छ भनेर हामीले कसरी महसुस गर्ने? अर्थात उत्पत्तिको विषयमा लेखिएका घट्नाहरू शुद्ध अलौकिक वा मानिसको क्षमताभन्दा अपार तथा परमेश्वरद्वारा सम्हालिएका छन् भनेर बुझ्नु जरुरी छ।**

## कथा ९
## सुसमाचार प्रचारकले सोध्छन्, "किन?"
## आन्ड्र्यु मेकचेसनी, एडभेन्टिस्ट मिसन

युरोपको देश फिनल्याण्डको शिक्षाविद् लिफ होन्गिस्टो लेबनानको बेरुतमा मिडिल इस्ट युनिभर्सिटीका अध्यक्ष भएर नौ वर्ष काम गरिरहेका थिए। त्यस सेभेन्थ-डे एडभेन्टिस्ट विश्वविद्यालयमा काम गर्न उनलाई धेरै मन परेको थियो। मेडिटेरियन हावापानी र त्यहाँको ताजा सुगन्धले उनलाई रमाइलो लागिरहेको थियो। त्यस विश्वविद्यालयलाई कुन स्तरमा पुऱ्याउने हो सो उनले प्रयास गरिरहेका थिए। तब एक दिन उनी फिनल्याण्ड फर्कन माथिल्लो निकायबाट उर्दी आउँदा उनी अचम्ममा परे।"मेरो जीवनकै भाग भइसकेको कामबाट र मेरो हृदयमा प्यारो भइसकेको ठाउँबाट फर्कनुपर्दा परमेश्वरले यस्तो किन गर्नुभयो भनेर म अलमलमा परेको थिएँ" उनले भने।

धेरै प्रार्थना र गाह्रो मान्दै उनी र उनकी श्रीमतीले सुटकेस र बाकसहरू भरे अनि फिनलान्डमा हवाइ जहाज चढेर गए। जब बाहिर देशमा काम गरेर कोही मानिसहरू फर्किन्छन् तब तिनीहरूले अस्पतालमा स्वास्थ्य जाँच्नु पर्दछ। होन्गिस्टोले पनि अस्पतालमा आफ्नो शरीर जाँच्न जानुपरेको थियो। जब उनलाई डाक्टरले जाँच्यो तब उनको रगतमा केही समस्या भएको देखियो। उनमा प्रोस्टेट क्यान्सरको लक्षण देखा परेको थियो। "तपाईंको शरीरमा केही समस्या भएको छ?" डाक्टरले सोध्यो। "मलाई सबै थोक ठीक छ" होन्गिस्टोले जवाफ दिए। तैपनि डाक्टरले थप जाँच गरे। दुई महिनापछि रगतमा झन नराम्रो लक्षण देखा परेको थियो। चिन्तित डाक्टरले अझ झन थप जाँच र मासु जाँच्यो वा बायोप्सी जाँच गरे। छिटै होन्गिस्टोलाई अस्पतालको अपरेशन कोठामा लगियो। त्यहाँ उनलाई पाँच घन्टा अपरेशन गरियो र उनको शरीरबाट १०० ग्राम जतिको मासुको डल्लो निकालियो। आफ्नो देशमा फर्केपछि बारम्बार मेडिकल चेक गर्दा उनमा छिटो छिटो क्यान्सर बढिरहेको उनले थाहा पाए। "अब मलाई थाहा भयो परमेश्वरले मलाई फिनलान्डमा किन फर्काउनुभयो। यहाँ मैले अत्याधुनिकशैलीले उपचार गर्न पाएको थिएँ।" परमेश्वरप्रति आभारी हुँदै उनले भने।

होन्गिस्टो अहिले ६२ वर्षको हुनुहुन्छ र अहिले पनि मिसिनेरी नै हुनुहुन्छ। उनको शरीर अहिले राम्रो छ। उनी फिनलान्डको जुनिएर बोर्डिङग

एकेडेमीको हेडमास्टर भएर काम गरिरहेका छन्। त्यहाँ करिब १८५ जना विद्यार्थीहरू छन्। ती विद्यार्थीहरू ६देखि १८ वर्षका छन्। यो एकेडेमी फिनलान्डको दक्षिणपश्चिम इलाकाको पिकियो भन्ने सहरमा छ। यो स्कूल सन् १९१८मा स्थापना भएको थियो र एडभेन्टिस्ट नभएका धेरै परिवारका छोराछोरीहरू यहाँ पढ्छन्। फिनलान्डमा करिब ५५ लाख मानिसहरू छन् र यहाँ कुनै पनि धर्मलाई राष्ट्रले संरक्षण दिँदैन अर्थात् यो धर्मनिरुपेक्ष देश हो। यहाँ ४,८०० एडभेन्टिस्टहरू छन्।

आफूले सन् २०१८मा फिनलान्ड फर्कनु पर्ने परिस्थितिलाई सम्झेर फिनलान्ड जुनिएर कलेजमा सर्वप्रथम ग्राजुयशन क्लासलाई मे २०१८मा सम्बोधन गर्दै मनैदेखि ती विद्यार्थीहरूलाई यसो भनेका थिए , "तिमीहरूको जीवन तिमीहरूको नजिक के छ त्योमात्र हेर्न खोज्छौ होला र भविष्यमा के हुने हो भन्ने स्वप्नदर्शन होला। तर ती सबै थोक सत्य हुनुपर्छ भन्ने छैन। तिमीहरूले सोचेको भन्दा तिमीहरूको जीवन एकदम फरक हुनसक्छ। तर तिमीहरूले तिमीहरूको जीवन परमेश्वरलाई दियौ भने विश्वासको जीवन अत्यन्तै रमाइलो हुन्छ र तिमीहरूले कल्पना गरेको भन्दा अझ राम्रो हुनसक्छ।"

*(यो कुरो मेरो जीवनमा सत्य सावित भएको छ। जीवनमा धेरै अचम्मका कुरा भइरहन्छ। जब प्रत्येक दिन सकारात्मकरूपमा अघि बढ्छु तब मैले कल्पना गरे भन्दा अझ राम्रो भएको मैले पाइरहेको छु।" यस त्रैमासिक साबथस्कूलको भेटीको केही भाग फिनलान्डले पाउनेछ)।*